बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
च.नं. १८९

मिति: २०८०।०४।११

विषय: आ.व. २०७९/०८० को सम्पत्ति विवरण सम्वन्धमा ।

श्री सबै प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,
श्री सबै जिल्ला समन्वय समिति (१३)
श्री सबै स्थानीय तह (११९)
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा आ.व. २०७९/०८० को सम्पत्ति विवरण भरी पेश गर्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट भएको च.नं. ११२०७००००१, मिति २०७५/०४/०४ र च.नं. ११२०७०००३१ मिति २०७५/०९/१२ को पत्रहरुमा उल्लेख भए अनुसार गर्ने गरी सम्पत्ति विवरण खामहरु यस कार्यालयमा बुझाउन ल्याउँदा देहाय बमोजिम गर्न गराउन हुन यस कार्यालयको मिति २०८०/०४/०७ मा निर्णय (सचिवस्तर) भएकोले सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. यस प्रदेशका सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरुले आफू अन्तर्गतका निकायहरुमा कार्यरत सार्वजनिक पद धारण गरी यस कार्यालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय) बाट सेवा सुविधा लिने पदाधिकारी/कर्मचारीहरु (निर्वाचित, नियुक्त, मनोनित) को सम्पत्ति विवरण सम्बन्धित सचिवालयले संकलन गरि अभिलेखको लागी तोकिएको समयमा यस कार्यालयमा दर्ता गर्न ल्याउने । अन्य अस्थायी, करार कर्मचारीहरुको हकमा त्यहाँबाटै सम्पत्ति विवरण खाम संकलन गरि राष्ट्रिय सतर्कता केन्द्रको अनलाईन सफ्टवेयरमा दर्ता गर्ने र यसरी अनलाईन दर्ता गरेको हार्ड कपि सहित यस कार्यालयमा तोकिएको समयमा बुझाउन ल्याउने ।

२. जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायहरुले राखी सो को विवरण राष्ट्रिय सतर्कता केन्द्रको अनलाईन सफ्टवेयरमा दर्ता गर्ने र यसरी अनलाईन दर्ता गरेको सफ्ट कपि र हार्ड कपि सहित यस कार्यालयमा तोकिएको समयमा बुझाउन ल्याउने । यसरी सम्पत्ति विवरण बन्दि खाम बुझाउन ल्याउँदा राष्ट्रिय सतर्कता केन्द्रमा अनलाईन दर्ता गरेको नम्बर अनुसार खामहरुमा क्रमसंख्या मिलाएर ल्याउने ।

३. यस कार्यालयमा सम्पत्ति विवरण बुझाउन ल्याउने सबै निकायहरुले सम्पत्ति विवरण बुझाएको आ.ब. मा तहाँ निकायहरुमा कार्यरत रहेका सम्पुर्ण जनप्रतिनिधि, कर्मचारीहरु (स्थायी/अस्थायी/करार) को विवरण अनिवार्य रुपमा ल्याउने ।

४. सबै निकायहरुले सम्पत्ति विवरण बुझाउन ल्याउँदा आ.ब. सुरु भएको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण, सुरु नियुक्तिको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण र पाँच हजार जरिवाना तिरी पेश भएको सम्पत्ति विवरणको अनलाईन दर्ता गरि छुट्टाछुट्टै अभिलेख तयार गरि ल्याउने ।

५. स्थानीय निकायहरुले सम्पत्ति विवरण बुझाउन ल्याउँदा पटक पटक नगरी एकै पटक ल्याउने । यसरी ल्याउँदा जनप्रतिनिधि, शिक्षक, कर्मचारी आदि सबैको छुट्टाछुट्टै विवरण तयार गर्ने ।

६. सम्पत्ति विवरण हुलाक मार्फत नपठाउने र यसरी हुलाक बाट आएका सम्पत्ति विवरणको अभिलेख नराखिने ।

७. सम्पत्ति विवरण सम्बन्धी कार्यको लागी यस कार्यालयको निम्न कर्मचारीहरुलाई सम्पर्क गर्ने ।

| सि.नं. | कर्मचारीको नामथर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| २ | श्री पुरषोत्तम मिश्र | अधिकृत छैटौं | ९८४५२८९४४० | |
| ३ | श्री गोपाल पोखरेल | अधिकृत छैटौं | ९८४४२१५८१० | |
| ४ | श्री लुना तिमल्सिना | अधिकृत छैटौं | ९८४५७१५८७७ | |
| ५ | सुरेश राई | सहायक पाचौं | ९८६४८४९५३२ | |

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सूचना तथा सञ्चार समन्वय शाखा-वेभसाईटमा सूचना अपलोड गरिदिनुहुन ।

४/११